
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ४ गते शुक्रबार ❑ 19 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## गण्डकी प्रदेशमा सरकार पुनःगठनमा सहमति खोजिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

प्रमुख दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीचमा नयाँ सत्तासमीकरणका लागि भएको सहमतिअनुसार सङ्घीय सरकार गठन भइसक्दा पनि गण्डकी प्रदेशमा नयाँ सरकार गठनबारे छलफल नै सुरु भएको छैन ।

कांग्रेसले गण्डकी प्रदेशको मुख्यमन्त्री पाउने शीर्ष तहमा सहमति भएको भनिए पनि प्रदेशमा सत्ता साझेदारीलाई कसरी अगाडि बढाउने भन्ने विषयमा दुवै दलले कुराकानी गरेका छैनन् । एमाले गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले नयाँ सरकार गठनबारे कांग्रेससँग अब छलफल सुरु गरिने जानकारी दिनुभयो ।

"पार्टी केन्द्रको निर्देशन र सुभावका आधारमा हामी अगाडि बढ्छौँ, यहाँ मुख्यमन्त्री र उहाँको दलले कसरी प्रस्ताव ल्याउँछ त्यसपछि बल्ल एमाले सरकार जाने विषय टुङ्गो लाग्छ", उहाँले भन्नुभयो, "प्रदेशमा रहेका अरू साना दललाई सरकारमा समेट्ने या नसमेट्ने भन्ने विषय पनि सत्ता साझेदार मुख्य दुई दलबीचको सहमतिमा मात्र निर्णय हुन्छ ।" गण्डकीमा अहिले कांग्रेसका सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकार छ । राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई प्रदेशसभा सदस्य, नेकपा (माओवादी केन्द्र) को चुनाव चिह्न लिएर निर्वाचित नेपाल समाजवादी पार्टी (नेसपा) का फणिन्द्र देवकोटा र स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङको समर्थनमा उहाँले गत जेठ २८ गते प्रदेशसभाबाट विश्वासको मत पाउनुभएको थियो । सरकारमा नेसपाका देवकोटा र स्वतन्त्र प्रदेशसभा सदस्य गुरुङ मन्त्रीसमेत हुनुहुन्छ । राप्रपालाई पनि प्रदेश सरकारमा समेट्ने तयारी भइरहेकै बेला केन्द्रीय सत्ता समीकरणमा आएको फेरबदलले त्यो प्रक्रिया रोकिएको थियो ।

गण्डकीमा दुई ठूला दल मिल्दा दुई तिहाइ बहुमत पुगे पनि मुख्यमन्त्री पाण्डेका लागि सरकार पुनः गठनको विषय त्यति सहज देखिएको छैन । सङ्कटका बेला साथ दिएका साना दललाई सँगै लिएर सरकार बनाउने मुख्यमन्त्रीको चाहनामा एमाले सहयोगी बन्छ कि बाधक त्यसले नयाँ सत्ता साझेदारीको खाका तय गर्ने देखिन्छ । कांग्रेस प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले एमालेसहित विगतमा कांग्रेसलाई सहयोग गरेका दलहरूलाई समेटेर सरकार पुनः गठन हुने जानकारी दिनुभयो ।

"हिजो कठिन अवस्था साथ दिएका दलहरूलाई बाहिर राखेर हामी मात्र सरकार सञ्चालन गर्ने भन्ने पक्षमा कांग्रेस छैन, एमालेसहित हिजो मुख्यमन्त्रीलाई विश्वासको मत दिने दल र स्वतन्त्र प्रदेशसभा सदस्यको पनि उचित व्यवस्थापन गर्नुपर्छ", उहाँले भन्नुभयो, "सरकारलाई समर्थन गर्ने सबै दललाई मिलाएर लैजाने विषयमा मुख्यमन्त्री प्रस्ट हुनुहुन्छ, बाँकी विषय दलहरूबीचको छलफलबाट टुङ्गिन्छ ।"

उहाँले गण्डकी प्रदेशको मुख्यमन्त्री कांग्रेसले पाउने निर्णय भइसकेकाले अब सरकार पुनः गठनका विषयमा दलहरूबीच प्रदेशतहमा छलफल सुरु हुने बताउनुभयो । "अहिलेसम्म नयाँ सत्ता समीकरणअनुसार प्रदेश सरकार बनाउने विषयमा औपचारिक छलफल भएको छैन", उहाँले भन्नुभयो, "एक-दुई दिनभित्रैमा सरकार पुनः गठनको विषयमा सहमति जुट्छ ।"

कांग्रेस संसदीय दलका नेता पाण्डे संविधानको धारा १६८ (३) बमोजिम प्रदेशसभाको सबैभन्दा ठूलो दलका हैसियतमा गत जेठ १६ गते मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । उहाँले कांग्रेसका २७, राप्रपाका दुई, नेसपाका एक र एक स्वतन्त्र प्रदेशसभा सदस्य गरी ३१ प्रदेशसभा सदस्यको समर्थन पाउनुभएको थियो । एमालेका २२ र माओवादी केन्द्रका छ प्रदेशसभा सदस्यले विश्वासको मतको विपक्षमा मत दिएका थिए । त्यसअघि मुख्यमन्त्री बन्नुभएका एमाले संसदीय दलका नेता खगराज अधिकारीले प्रदेशसभाबाट प्राप्त गरेको विश्वासको मतलाई सर्वोच्च अदालतले असंवैधानिक रहेको फैसला गरेपछि पाण्डे पुनः मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । अधिकारीले पाएको विश्वासको मतविरुद्ध दायर भएको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले प्रदेशसभाको सबैभन्दा ठूलो दलको नेताका हैसियतमा पाण्डेलाई मुख्यमन्त्रीमा नियुक्त गर्न परमादेश दिएको थियो । साठी सदस्यीय प्रदेशसभामा कांग्रेसका २७, एमालेका २२, नेकपा (माओवादी केन्द्र)का सात (सभामुखबाहेक), राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई र एक स्वतन्त्र प्रदेशसभा सदस्य हुनुहुन्छ ।

## आयोजना बैंकलाई लागू गर्न सबैको सहयोग आवश्यक छ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन




गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आयोजना बैंकका लागि सबै पक्षको साथ र सहयोग आवश्यक पर्ने बताउनुभएको छ ।

प्रदेश नीति तथा योजना आयोगले बिहीबार पोखरामा आयोजना गरेको कार्यक्रममा आयोजना अवधारणा पत्र सार्वजनिक गर्दै उहाँले अहिले पनि पहुँचका आधारमा योजना पर्ने गरेको गुनासो सुन्नुपरेको उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री पाण्डेले विशेषगरी बजेट निर्माणका बेलामा आफ्नो क्षेत्रमा योजना पार्नका लागि सांसद, कर्मचारी तथा राजनीतिक नेतृत्वको दबाब बढी हुने गरेको सुनाउनुभयो । उहाँले भन्नुभयो, "आवश्यकताका आधारमा गरौँ भन्यो भने कसैले मान्दैनन् । भइरहेको बाटो बाह्रै महिना राम्रोसँग चल्ने बनाइदेऊ भनेर कसैले भन्दैन । बरु उसले पहिला मेरो घरको बाटो बनाइदेउ भन्छ, त्यसपछि गाउँ जाने बाटो, वडा जाने बाटो र बल्ल अन्तिममा पालिकाको बाटो भन्छन् ।" आयोजना बैंक भएमा व्यावहारिक कार्यान्वयनमा सहजता हुने भए पनि मानसिकरूपमा नबदलिएसम्म कार्यान्वयनमा जान नसकिने मुख्यमन्त्री पाण्डेको भनाइ छ । "आयोजना बैंकको अवधारणा राम्रो भए पनि लागू गर्न व्यावहारिक रूपमा कठिन कठिनाइ छ । सबै मिलेर सकारात्मक निर्णय गर्दा मात्र लागू गर्न सकिन्छ", मुख्यमन्त्रीले भन्नुभयो ।

मुख्यमन्त्री पाण्डेका अनुसार प्रदेश नीति तथा योजना आयोगले प्रदेशको नीति निर्माण र योजना तर्जुमाको प्रक्रियालाई व्यावहारिक र सन्तुलित बनाउन तथा योजनाको वैज्ञानिक ढङ्गबाट छनोट एवं प्राथमिकीकरणका लागि आयोजना बैंकको अवधारणा ल्याएको छ । आयोजना बैंक तयारीका लागि आयोजनाको पहिचान, लेखाजोखा र आयोजना छनोट तथा प्राथमिकीकरण गरी तीन प्रमुख चरण रहने अवधारणा पत्रमा उल्लेख छ । योजनाका लागि बजेट विनियोजन भएपछि मात्र सम्भाव्यता अध्ययन गर्ने तथा विस्तृत परियोजना प्रतिवेदन तयार पार्नेजस्ता परिपाटीका कारण ठूला एवं गौरवका आयोजना अलपत्र परेको अवस्थामा आयोजना बैंकको योजनाअघि सारिएको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले बताउनुभयो ।

"प्रदेशका महत्वपूर्ण आयोजन पहिचान एवं छनोटको निश्चित मापदण्ड तयार गरी सोही बमोजिम आयोजना छनोटको प्रक्रिया थालनी गर्ने उद्देश्य राखिएको छ", देवकोटाले भन्नुभयो ।

योजना तथा पूर्वाधार विज्ञ मनिरामसिंह महतले आयोजना बैंकको अवधारणा, आयोजना बैंकको सुदृढीकरणका लागि विषयगत मन्त्रालयको भूमिका, आयोजना तयारी, लेखाजोखा, छनोट तथा प्राथमिकीकरण लगायतका विषयमा स्पष्ट पार्नुभएको थियो ।

## पृथ्वीराजमार्गमा मनसुनभरि सडक स्तरोन्नति बन्द गरिने

**पोखरापत्र संवाददाता**
तनहुँ, ३ साउन

मुग्लिन-पोखरा सडक विस्तारअन्तर्गत पृथ्वीराजमार्गमा वर्षायामभरि सडक स्तरोन्नतिका बन्द गरिने भएको छ ।

मनसुन अवधिभरि कालोपत्र तथा सडक विस्तारको काम रोकेर पानीले असर नगर्ने नाला, कल्भर्ट र पर्खाल निर्माणलाई जोड दिइएको हो ।

असारदेखि असोज महिनासम्म मनसुन सक्रिय रहने भएकाले कालोपत्र र सडक विस्तार रोकी अन्य निर्माणलाई प्राथमिकता दिइएको मुग्लिन-पोखरा सडक आयोजनाअन्तर्गत पूर्वी खण्डका इन्जिनियर विष्णु पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार पहिरो जान सक्ने स्थानमा भूक्षय रोक्ने किसिमका बिरुवा लगाउने, सडकको छेउमा दुबो रोप्नेलगायत कार्य भइरहेका छन् ।

"बाढीपहिरोले राजमार्गमा अवरुद्ध हुनसक्छ, पहिरोले भौतिक तथा मानवीय क्षतिसमेत हुनसक्ने भएकाले क्षतिलाई मध्यनजर गर्दै दिउँसोको समयमा सर्तकता अपनाएर काम गर्ने गरिएको छ", इन्जिनियर पाण्डेले भन्नुभयो, "हालसम्म पूर्वीमा ६२ र पश्चिम खण्डमा २८ प्रतिशत कार्य प्रगति भइसकेको छ । राजमार्गको ८० किलोमिटर सडकमध्ये करिब ५३ किमी सडकमा कालोपत्र भइसकेको छ" उहाँले जानकारी दिनुभयो ।

"पूर्वीमा ३३ र पश्चिम खण्डमा २० किमी कालोपत्र भइसकेको छ", पाण्डेले भन्नुभयो, "राजमार्गको पूर्वीमा ४१ दशमलव सात किमी र पश्चिममा ३८ दशमलव ८८ किमीलाई दुई खण्डमा विभाजन गरी काम गरिरहेका छौँ ।"

पश्चिम खण्डमा दुई लेनको गरी २० किमी सडकमा कालोपत्र गरिएको छ । असारदेखि असोजसम्म मनसुन सक्रिय रहेकाले कालोपत्र कार्य रोकेर अन्य काम गर्न लागिएको आयोजनाको पश्चिम खण्डका इन्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार कालोपत्र गर्न 'सबबेस' र 'बेस' बिछ्याउने समयमा वर्षा भएमा थप समस्या हुने भएकाले काम बन्द गरिएको हो ।

पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई विसं २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । राजमार्ग सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक एडिबीको ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको आयोजना कार्यालयले जनाएको छ ।

पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा भएको आयोजनाले जनाएको छ ।

## विपद्‌बाट बिहीबारसम्म एक सय २५ को मृत्यु

**रासस**
काठमाडौं, ३ साउन

अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरोलगायत विपद्मा परी बिहीबार दिउँसोसम्म एक सय २५ जनाको मृत्यु भएको छ ।

विपद्मा परी काठमाडौँमा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा पाँच, बागमती प्रदेशमा २०, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा आठ गरी जम्मा एक सय २५ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार विपद्मै परी काठमाडौँमा आठ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २९, लुम्बिनी प्रदेशमा नौ, कर्णाली प्रदेशमा ३३ र सुदूरपश्चिम प्रदेशमा १४ गरी जम्मा एक सय ४३ जना घाइते भएका छन् । यसैगरी कोशी प्रदेशमा ४१, गण्डकी प्रदेशमा १२ गरी जम्मा ५३ जनाको उद्धार गरिएको छ । बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा दुई, गण्डकी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी आठ जना बेपत्ता भएको प्रवक्ता कार्कीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "बाढीपहिरोलगायत विपद्मा परी बेपत्ता भएकाको खोजी भइरहेको छ ।" सिमलताल दुर्घटनामा बेपत्ता भएकाको तथ्याङ्क यहाँ समावेश नगरिएको प्रहरीले जनाएको छ । बाढीको कारण जम्मा एक सय ८२ घर डुबानमा परेका छन् ।

दुई सय २२ घर, ८० गोठ, ४३ पुल, एक विद्यालय र दुई सरकारी कार्यालयमा क्षति पुगेको छ । विपद्मा पाँच सय ८५ वटा पशुचौपाय मरेका छन् । उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार सात सय २१ परिवार विस्थापित भएका छन् ।




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पूर्व सभापति सम्झँदै स्याङ्जा काँग्रेस

**पोखरापत्र संवाददाता**
वालिङ, ३ साउन

नेपाली काँग्रेस स्याङ्जाले पुर्व सभापतिहरुको सम्झनामा विविध कार्यक्रम गर्ने भएको छ । काँग्रेसका संस्थापक नेता विश्वश्वर कोइराला, स्याङ्जाका पुर्व सभापति खगेन्द्रराज रेग्मी र पुर्व सभापति कमलप्रसाद पंगेनीको सम्झनामा विविध कार्यक्रम गर्ने भएको हो । नेपाली काँग्रेस स्याङ्जाको आज बसेको बैठकले पुर्व सभापतिहरुको सम्झनामा रचनात्मक कार्यक्रम गर्ने निर्णय गरिएको कार्यबहाक सभापति केदार काफ्लेले जानकारी दिए ।

साउन ६ गते काँग्रेसका संस्थापक नेता वीपी कोइरालाको स्मृति दिवसमा जिल्लाका ११ ओटै पालिकामा बृक्षारोपण र बिचार गोष्ठि आयोजना गरिने कार्यबहाक सभापति काफ्लेले बताए।वीपीकोसम्झनामाजिल्लाभर कार्यकर्तालाई आ–आफ्ना पालिकामा हुने बृक्षारोपरण, विचार गोष्ठि र रचनात्मक कार्यक्रममा सहभागी हुन आव्हान गरिएको सभापति काफ्लेले बताए । कार्यबहाक सभापति काफ्लेका अनुसार पुर्व पाटी सभापति खगेन्द्रराज रेग्मीको नाममा स्याङ्जा पार्टी कार्यालयमा पुस्तकालय स्थापना गरिने निर्णय भएको बताए । पुर्व पार्टी सभापति तथा पुर्व सांसद कमलप्रसाद पंगेनीको छैठौं बार्षिक स्मृतिमा पार्टी कार्यालयमा रक्तदान कार्यक्रम गर्ने तयारी गरिएको छ । पुर्व सभापति पंगेनीको २०७५ साउन २० गते निधन भएको थियो । जिल्ला काँग्रेसको संगठकका रुपमा पहिचान बनाएका पंगेनीको स्मृतिमा रक्तदान कार्यक्रम सहित धार्मिक स्थल रामनदीधाममा लाखबत्ती बाल्ने र धार्मिक कार्यक्रम गरिने सभापति काफ्लेले बताए । पुर्व सभापति पंगेनीको शालिक राख्ने कार्यलाई नेपाली काँग्रेस जिल्ला कार्यसमिति र कमल पंगेनी प्रतिष्ठानले संयुक्तरुपमा अगाडी बढाउने निर्णय गरिएको नेपाली काँग्रेसले जनाएको छ । हालसालै नवगठित सरकारमा सहभागी भएका काँग्रेसका मन्त्रीहरुलाई बधाई समेत दिएको छ । नेपाली जनताको आशा र भरोसा अनुसारनै काँग्रेस–एमाले सहितका दलहरु मिलेर बनेको सरकारले नेपाल र नेपाली जनताको भावना अनुरुप काम गर्न सुझाव दिदै स्याङ्जा काँग्रेसले शुभकामना व्यक्त गरेको छ । यसैगरी असार २१ र २२ गते अविरल बर्षाका कारण आएको बाढी पहिराले पुराएको जनधनको क्षतीप्रति गहिरो दुख व्यक्त गरेको छ । ज्यान गुमाउनेप्रति श्रदाञ्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना समेत बैठकले गरेको कार्यबहाक सभापति काफ्लेले बताए । यो दुखद घडीमा विपदमा परेका पिडितलाई तत्काल राहत र क्षतीपुर्तिको व्यवस्था गर्न र फेरी बाढी पहिरोको जोखिम जिल्लावासीले व्यहोर्न नपर्नेगरी उच्च सुरक्षाको व्यवस्था गर्न समेत बैठकले सरकारसगँ माग गरेको छ । यस्तो विपदमा काँग्रेसका कार्यकर्ताहरुलाई खटेर पिडितहरुलाई सहयोग गर्न स्याङ्जा काँग्रेसले आग्रह गरेको छ ।

बाढी पहिरोको जोखिममा परेका नागरिकहरुको उद्धार कार्यमा खटिने जिल्ला सुरक्षा समिति स्याङ्जा, विपद व्यवस्थापन समिति स्याङ्जा, स्थानीय जनप्रतिनिधि, संघ र प्रदेशका सांसद, विभिन्न राजनीतिकदलका प्रतिनिधि, जिल्ला रेडक्रस सहित विभिन्न संघसंस्थाहरु, संचारकर्मी लगायत सबैलाई स्याङ्जा काँग्रेसले धन्यवाद सहित आभार व्यक्त गरेको छ । यस्ताखाले प्राकृतिक विपदमा सबैले सधै सहयोग गर्न आग्रह गर्दै नेपाली काँग्रेस स्याङ्जा साथमा रहने बैठकले निर्णय गरेको छ ।

# पोखरामा यु २० बुद्धिचाल प्रतियोगिता हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

पोखरा, ३ साउन-अन्तर्राष्ट्रिय बुद्धिचाल संघ (फिडे) को एक सय औं वर्षको अवसरमा पोखरामा यु२० खुल्ला बुद्धिचाल प्रतियोगिता हुने भएको छ ।

हिमालय फ्रेन्ड्स चाइल्ड क्लबको आयोजनामा पोखरा १७ विरौटामा उक्त प्रतियोगिता हुन लागेको हो । प्रतियोगिताबारेमा जानकारी दिन बिहिबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै प्रतियोगिता संयोजक तथा मुख्य निर्णायक रामबहादुर क्षेत्रीले स्विस लिगको आधारमा प्रतियोगिता हुन जानकारी गराए । उनका अनुसार स्विस लिगमा ९ चरणका खेल हुनेछन् । हरेक सहभागी खेलाडीले ९ चरणमा खेल खेल्नुपर्नेछ । शुक्रबार (भोलि) र शनिबार आयोजना हुने प्रतियोगितामा कुल ११० जना खेलाडीको सहभागिता




रहेको छ । प्रतियोगितामा हालसम्म महिलातर्फ २२ जना र ८८ जना पुरुष खेलाडीको सहभागिता रहेको छ । 'यो स्विस लिगको आधारमा खेलाइने रेपिड रेटिङ टुर्नामेन्ट हो । प्रतियोगिताको उत्कृष्ट ३ जनालाई हामी विशेष प्रशिक्षणको व्यवस्था समेत गर्नेछौं । जसले १० औं राष्ट्रिय खेलकुदका लागि गण्डकी छनौटमा समेत टेवा पुग्नेछ ।' क्षेत्रीले भने । यो प्रतियोगितामा प्राप्त गर्ने अंक अन्तर्राष्ट्रिय बुद्धिचालको वारियतामा समेत रहनेछ । अर्थात खेलाडीले प्राप्त गरेको अंक विश्व बुद्धिचालको आधिकारिक रेटिङ (वारियता) मा समावेश हुनेछ । प्रतियोगितामा यु-१० (२५जना सहभागि), यु-१६ (२५जना सहभागि), यु-१९ (४५जना सहभागि) तथा खुल्ला प्रतियोगिता (१३जना सहभागि) हुनेछ । खुल्लातर्फको विजेताले नगद दुई हजार रुपैयाँको साथमा ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । दोस्रो हुनेले एक पाँच सय र तेस्रो हुनेले एक हजार रुपैयाँ प्राप्त गर्नेछन् । चौथो र पाँचौ हुनेले समान पाँच-पाँच सय रुपैयाँ प्राप्त गर्नेछन् । उत्कृष्ट खेलाडीका लागि एक हजार र ट्रफी पुरस्कार रहेको छ । यस्तै यु१०, १६ र १९ मा प्रथम हुनेले भने पाँच सय रुपैयाँ प्राप्त गर्नेछन् । बाल क्लबका अध्यक्ष परिवेश थापाले महिला र पुरुषको छुट्टाछुट्टै प्रतियोगिता नभई एकै प्रतियोगिता भएको र जसको बढी अंक आउँछ उही प्रथम हुने बताए । उनका अनुसार ९ चरणको खेलमा जसले सबैभन्दा बढी अंक ल्यायो उही प्रथम हुनेछ । पोखरा महानगरपालिकाको सहकार्यमा हुन लागेको प्रतियोगितालाई फिडे, नेपाल बुद्धिचाल संघ, गण्डकी प्रदेश बुद्धिचाल संघले अधिकार दिएको छ । प्रतियोगितामा राधाकृष्ण कार्भिङ र अनमोल दुग्ध उद्योगले सहयोग गरेको छ । दुई दिन चल्ने प्रतियोगिता पोखरा १७ विरौटास्थित ग्यालेक्सि बेन्क्युटमा हुनेछ ।

# सामुदायिक वन समूहलाई स्थायी लेखा नम्वर अपरिहार्य

**पोखरापत्र संवाददाता**
पोखरा, ३ साउन

वनको संरक्षण, प्रवर्द्धन र विकासमा जोड दिदै आएका सामुदायिक वन उपभोक्ता समूहलाई स्थायी लेखा नंम्वर (पान) अपरिहार्य भएको एक कार्यक्रमका वक्ताले बताएका छन् ।

सामुदायिक वन उपभोक्ता महासांघ नेपाल कास्की शाखाको छौठौ पूर्ण बैठकमा बोल्ने वक्ताहरुले नेपाल सरकारले चालू आर्थिक बर्षको बजेटमा प्रत्येक वन समुहले दुई बर्षको लेखा परिक्षण प्रतिवेदनका आधारमा स्थायी लेखा नम्वर दिने व्यवस्थाको भरपुर उपयोग गर्नु पर्नेमा जोड दिइएका हुन । यसअघि संरक्षण, विकास र उपयोग गर्ने गरि समुहलाई हस्तान्तरण गरिएको मितिदेखि हालसम्मको लेखापरिक्षण प्रतिवेदनका आधारमा कूल रकमको एकमुस्ट कर चुक्ता गरेरमात्र स्थायी लेखा नम्वर दिने व्यवस्थालाई सच्याउँदै वर्तमान नीति लागु गरिएको हो । सामुदायिक वन उभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरि वास्तोलाले बैठकमा बोल्दै महासंघको निरन्तरको प्रयासबाट सरकारले उक्त निर्णय गरेको बताउँदै सम्पुर्ण वन समूहलाई पान नम्वर लिन आग्रह गर्नुभयो । "सरकारले चालू आर्थिक बर्षको साउनदेखि फागुन महिनासम्मको लागि उक्त व्यवस्था गरेको छ" उहाँले भन्नुभयो, "तोकिएको समयभित्र आवश्यक कागजातका साथ सम्वन्धीत कार्यालयबाट स्थायी लेखा नम्वर लिएर जिम्मेवार नागरिकको भूमिका निर्वाह गर्नुपर्दछ ।" वन क्षेत्रको समग्र विकासका लागि सरकारी स्तरबाट प्राप्त हुने अनुदानका लागि समेत पान नम्वरको आवश्यकता पर्ने र समुहमा सुशासन र पारदर्शिताका लागि समेत महत्वपूर्ण सहयोग पुग्ने उहाँको विश्वास थियो । उक्त नीतिबाट सरकारलाई करोडौ राजश्व समेत संकलन हुने देखिन्छ । २०५२ साल जेठ १८ गते स्थापना भएको महासंघमा हाल २२ हजार ७६० वन समुहका ३१ लख ६८ हजार चारसय ४९ घरधुरीले २३ लाख १८ हजार ८११ हेक्टर क्षेत्रफलको वन व्यवस्थापन गर्दै आएका छन् भने कास्की जिल्लाका पाँच वटा पालिकाका ५१० सामुदायिक वन समुहले वनको संरक्षण र उपयोग गर्दै आएका छन् । सामुदायिक वन उपभोक्ता महासंघ नेपाल गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले सामुदायिक वनमा लगाइएको तेहेरो करका विरुद्धमा प्रदेश महासंघले न्यायको लागि सर्वोच्च अदालतमा रिट दर्ता गरेको जानकारी दिनुभयो । संघीय वन ऐनले गरेको व्यवस्था अनुसार वन कार्ययोजना परिमार्जन हुनु पर्नेमा उहाँको जोड थियो ।

वन महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सदस्यव्दय दिनेश श्रेष्ठ र जितबहादुर बस्नेत, जिल्ला न्यायीक समिति संयोजक शर्मिला सुनार, पोखरा महासंघका अध्यक्ष कमल भुजेल, अन्नपूर्णका अध्यक्ष बाबुराम पौडेल, माछापुच्छ्रेका अध्यक्ष धर्मराज ढुङ्गाना, महासंघ कास्कीका उपाध्यक्ष चुडामणी अधिकारी, सचिव पार्वती सुवेदी लगायतले स्थायी लेखा नम्वर( पान)को आवश्यकता र महत्व माथि प्रकाश पर्नुभएको थियो ।

# पोखरामा फुटसल

**पोखरापत्र संवाददाता**
पोखरा ३ साउन

पोखरामा शुक्रबार देखि दुई दिने खुला फुटसल प्रतियोगिता गरिने भएको छ ।

पोखरा-१० रामबजार स्थित आर-फिप्टिन क्लब पोखराले आज पत्रकार सम्मेलन गरी उक्त प्रतियोगिताबारे जानकारी दिइयो । आयोजक संस्थाका अध्यक्ष सोम पुनले 'खेलकुद नै स्वस्थ आधार' भन्ने नाराका साथ प्रतियोगिता गर्न लागिएको बताउनुभयो । पोखरा-४ गणेशटोलमा हुने उक्त प्रतियोगितामा ३० समूहले सहभागिता जनाउने भएका छन् । प्रतियोगिताको उद्देश्य स्थानीयस्तरमा खेलाडी उत्पादनका साथै युवालाई खेलप्रति आकर्षण गर्न रहेको जनाइएको छ । "प्रतियोगितामा राष्ट्रियस्तरका खेलाडीले सहभागिता जनाउन पाउने छैनन्", उहाँले भन्नुभयो, "प्रतियोगितामा प्रथम पुरस्कार रु ७० हजारसहित मेडल र द्वितीय पुरस्कार रु ३० हजार र मेडल रहेको छ ।"

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# कांग्रेस उपसभापति गुरुङद्वारा पहिरो प्रभावित क्षेत्रको निरीक्षण

**पोखरापत्र संवाददाता**
वालिङ, ३ साउन

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले आज स्याङ्जाका पहिरो प्रभावित क्षेत्रहरुको निरीक्षण गर्नुभएको छ ।

गत असार २१ देखि २३ गतेसम्मको अविरल वर्षाका कारण बाढीपहिरोले क्षति पुऱ्याएका भीरकोट, वालिङ र गल्याङ नगरपालिकाका विभिन्न बस्तीको निरीक्षण गर्नुभएको हो । विशेषगरी पहिरोले पुरिएर ज्यान गुमाएका परिवार र विस्थापित परिवारलाई उहाँले व्यक्तिगत रुपमा जनही रु १० हजार सहयोग उपलब्ध गराउनुभयो ।



पूर्वमन्त्रीसमेत रहनुभएका गुरुङले आजै भीरकोट नगरपालिका-५ ज्यामिरेमा गत असार २२ गते पहिरोमा पुरिएर ज्यान गुमाउनुभएकी ७४ वर्षीया ख्यामकुमारी मल्लको परिवारलाई रु १० हजार उपलब्ध गराउनुभएको हो ।

भीरकोट-६ को फोक्सिङमा पहिरोले विस्थापित हुनुभएका भक्तबहादुर थापाको परिवारलाई पनि उहाँले नगद रु १० हजार उपलब्ध गराउनुभयो । "नागरिकहरु दुःखमा परेका बेला यहाँको जनप्रतिनिधि भएको नाताले व्यक्तिगत रुपमा जे सकेँ त्यो सहयोग गरेँ", उहाँले भन्नुभयो, "जनधन क्षति भएकालाई क्षतिपूर्तिको व्यवस्था र आवास निर्माणका लागि आवश्यक पहल गर्नेछु ।"

भीरकोट-५ को ज्यामिरे र ६ को फोक्सिङमा पहिरोका कारण आठ घर जोखिममा छन् ।

# चितुवाको आक्रमणबाट बालकको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, ३ साउन

तनहुँको बन्दीपुर गाउँपालिका-५ फलाम डाँडामा चितुवाको आक्रमणबाट बिहीबार साँझ एक बालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा १३ वर्षीय सुन्दर अछामी रहेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो ।

घर नजिकै चितुवाको आक्रमणमा परेका अछामीलाई बन्दीपुर अस्पताल लैजाँदै गर्दा मृत्यु भएको हो । अध्यक्ष थापाले भन्नुभयो, "साँझको बेला घर नजिकैबाट चितुवाले आक्रमण गरेर लगेछ, थाहा पाउने बित्तिकै जाँदा बालक गम्भीर घाइते अवस्थामा भेटिएका थिए ।" मृतक बालकको शव अस्पतालमा राखिएको छ ।


सो वडाका अध्यक्ष ध्रुवप्रसाद लामिछानेले साँझका बेला घरबाहिर ननिस्कन तथा बालबालिकालाई एक्लै नछाड्न आग्रह गर्नुभएको छ ।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

ईश्वरीय चिन्तनले मनलाई शान्त पार्दछ ।

- प्रेमचन्द

## सम्पादकीय

# बधाई र स्वागतको होडबाजी

सरकार परिवर्तन पछि प्रधानमन्त्री र मन्त्रीहरूलाई बधाई दिन सिंहदरबारमा कार्यकर्ताहरूको भिड लागेको छासपथग्रहणका दिन बधाई दिने चलन हो।दिनहुँ बधाई दिन निवास र मन्त्रालय पुगेर बधाई दिंदा दैनिक काममा बाधा पुग्छ कि भनेर सोध्ने फुर्सद कसैलाई छैन । बधाई दिन दलका कार्यकर्ता जति भ्याइनभ्याई छ त्यस्तै अवस्था राजदूतहरूको छाखासगरी भारतीय, चिनियाँ र अमेरिकी राजदूतले प्रधानमन्त्री र मन्त्रीहरूलाई भेट गरेका समाचारले संचारमाध्यममा ठाउँ पाएका छन । सरकारका नयाँ नीतिका बारेमा जानकारी लिनु र कसरी सहकार्य गर्न सकिन्छ भनेर भेटघाट गर्नु स्वभाविक मानिन्छ । भेटघाट पनि सम्बन्धित मन्त्रीसंग मात्र सिमित नरहेर शक्तिकेन्द्र रिझाउन घरदैलो गर्नु उचित होइन ।उपप्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंहले बुधबार तीन सुरक्षा निकायका प्रमुखहरूसँग सामूहिक भेटको तस्बिर सामाजिक सञ्जालमा पोस्ट गरे । त्यसमा उनले निजहरूसँग सुरक्षा अवस्थाबारे जानकारी लिएको उल्लेख गरेका छन् ।

एउटा तस्बिरमा नेपाल प्रहरीका आईजीपी वसन्तबहादुर कुँवर, सशस्त्र प्रहरी प्रमुख राजु अर्याल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख हुतराज थापा नवनियुक्त मन्त्री सिंहसँग उनको कार्यकक्षमा बसेर छलफल गरिरहेको देखिन्छ । अन्य तस्बिरमा तीनैजनाले फुलगुच्छासहित बधाई ज्ञापन गरेका छन् । उपप्रधानमन्त्री सिंह सुरक्षा अंगका प्रमुखहरूका तालुकदार मन्त्री होइनन् । सरकार परिवर्तनपछि नयाँ बन्ने गृहमन्त्रीसँग सुरक्षा निकाय प्रमुखहरूले भेट्ने र ब्रिफिङ गर्ने सामान्य हो । तर, असम्बन्धित मन्त्रीलाई भेटेर सुरक्षा ब्रिफिङ गरेको भन्दै सामाजिक सञ्जालमा पोष्ट हुनु अनुचित हो।सामाजिक संजालमा त्यही पोष्ट उपप्रधानमन्त्री सिंहको जीवनमा आलोचनाको विषय बनेको छ ।

सामाजिक संजालमा विरोधपछि प्रहरी महानिरीक्षक वसन्त कुँवरले आफूहरू बधाई दिनका लागि मात्र गएको बताए । उनले भने, 'हामीले सुरक्षा ब्रिफिङ गरेका होइनौँ, बधाई दिएर फर्केका हौँ । मन्त्रीज्यूले तस्बिर फेसबुकमा राख्नुभयो, त्यो उहाँको महानता हो ।' कुँवरका अनुसार सिंहभन्दा अगाडि अर्का अर्थमन्त्री विष्णु पौडेललाई पनि उनीहरूले संयुक्तरुपमा भेटेर बधाई दिएका थिए । मन्त्रीपिच्छे भेटेर बधाई दिन आवश्यक हुन्छ ? भन्ने प्रश्नमा कुँवरले भने, 'सबैलाई भेटेको होइन, उपप्रधानमन्त्रीज्यूहरुलाई मात्रै हो ।' तीनैजना एकै पटक गएकोबारे उनले प्रष्ट्याए, 'पछिल्लो समय हामीले यो बानी बसाएका छौं कि जहाँ जाँदा पनि तीनैजना सँगै जाने । यसबाट आपसी सम्बन्ध र सहकार्य पनि गाढा हुन्छ । अर्थमन्त्रीज्यूलाई पनि सँगै भटेका हौं ।' यद्यपि, यसरी सुरक्षा अंगका प्रमुखहरूले एकसाथ नारिएर असम्बन्धित मन्त्रीहरूलाई बधाई दिँदै हिँड्नुलाई जानकार हरूले सहजरुपमा लिएका छैनन् ।

उनले भने, 'उहाँहरूको तालुकदार मन्त्री भनेको गृहमन्त्रीज्यू हुनुहुन्छ । गृहमन्त्रीज्यूसँग सबैको भेट पनि भइसकेको छ । अन्य मन्त्रीलाई फुलगुच्छा बोकेर सामूहिक भेट्दै हिँड्नु स्वाभाविक होइन । त्यसमाथि शहरी विकास मन्त्रीज्यूले ब्रिफिङ लिएको भन्ने कुरासमेत आएको छ । यो दुवै तर्फबाट भएको पदीय सीमाको उल्लंघन हो ।' सिंह आफैँ विवादमा जोडिएका व्यक्तिका आफन्त भएकाले सुरक्षा प्रमुखसँगको उनको भेटघाट समाचारको विषय हो । गठबन्धनको सरकार भएको र सरकारभित्र दोस्रो वरियताको मन्त्री भएकाले सिंह र सुरक्षा प्रमुखबीच भेटघाट भएको दावी गरेपनि प्रधानमन्त्री एमालेको भएको र आफू दोस्रो वरियताको मन्त्री भएकाले सिंह आफैँले यो कुराहरू बाहिर ल्याउन खोजेको बुझ्न सकिन्छ । जुन उद्देश्यले भएपनि विभागीय भन्दा बाहिर गएर भेटघाट गर्नुअराजकता हो ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : शुभ यात्रा | कुम्भ | : मानसिक तनाव |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीका एक लाख १३ हजार पशुलाई खोप

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ साउन

म्याग्दीका कृषकले पालेका एक लाख १३ हजार पशुलाई खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धि गर्न जिल्लाका छ वटै स्थानीय तहका कृषकले पालेका पशुलाई खोप अभियान सञ्चालन गरेको हो ।

आर्थिक वर्ष २०८०/८१ मा पशुमा पूर्ण खोप कार्यक्रममार्फत एक लाख १३ हजार तीन सय ११ गाईभैँसी, बाखा, भेडा र कुकुरलाई महामारीजन्य रोग विरुद्धको छ प्रकारका खोप लगाइएको केन्द्रका पशुसेवा प्राविधिक गणेश रिजालले जानकारी दिनुभयो । १५ हजार एक सय ९८ गाई र २३ हजार दुई सय ७१ भैंसीलाई खोरेत विरुद्धको एफएमडी र आठ हजार छ सय गाईगोरुलाई लम्पी स्किन विरुद्धको खोप लगाइएको छ । पाँच हजार दुई सय ५० गाई, भैंसीलाई भ्यागुते र चरचरे विरुद्धको एचएसबीक्यु खोप लगाइएको छ । ४४ हजार तीन सय ३८ बाखा र ११ हजार तीन सय ७९ भेडालाई पिपिआर विरुद्धको खोप लगाइएको पशुसेवा प्राविधिक रिजालले बताउनुभयो । यसैगरी तीन हजार सात सय ४७ कुकुर र ७८ बिरालोलाई रेबिज विरुद्धको एआरभी खोप लगाइएको छ । कृषकका पशु फार्म तथा गोठमा पुगेर पशुचौपायाको तथ्याङ्क सङ्कलन, खोपकर्ता नियुक्ति, जनप्रतिनिधि र अगुवा कृषकलाई अभिमुखीकरण गरी खोप लगाउन एक सय १८ जना प्राविधिक परिचालन गरिएको थियो । पशुजन्य रोगको महामारीको जोखिममा रहेका बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकामा दुई चरणमा खोप अभियान सञ्चालन भएको भेटेरिनरी अस्पतालले जनाएको छ । पूर्ण खोप अभियानका लागि एक वडामा भूगोल र पशुसङ्ख्याको आधारमा दुईदेखि तीन जना प्राविधिक र खोपकर्ता परिचालन गरिएको थियो। पशुलाई महामारीजन्य रोगबाट बचाउन खोप प्रभावकारी रहेको पशु प्राविधिकहरु बताउँछन् । पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय, खर्चको बचतका लागि पूर्णखोप कार्यक्रम प्रभावकारी बनेको केन्द्रका प्रमुख डा भरत रेग्मीले बताउनुभयो । गण्डकी प्रदेश सरकारले सङ्क्रामक रोग निर्मूल पार्ने योजनाअनुसार प्रदेशलाई पूर्णखोपयुक्त बनाउन ११ जिल्लामा पछिल्लो तीन वर्षयता प्राथमिकताका साथ पशुमा पूर्णखोप कार्यक्रम सञ्चालन गरिएको छ ।

# दक्षिण एसियाली करातेमा नेपाललाई स्वर्ण

**रासस**
काठमाडौं, ३ साउन

भुटानको थिम्पूमा आजदेखि सुरु आठौँ दक्षिण एसियाली कराते प्रतियोगितामा नेपाललाई आठ स्वर्ण प्राप्त भएको छ ।

प्रतियोगिताको पहिलो दिन नेपाललाई स्वर्ण दिलाउन सफल खेलाडीहरु सिनियर महिला एकल कातातर्फ एलिसा रास्कोटी मगर, पुरुष एकल कातामा स्वर्णिम मानन्धर र महिला-२१ वर्षतर्फ सन्जु देशार र पुरुष क्याडेटतर्फ रेहान जावेद रहे । एलिसाले सेमिफाइनलमा भुटान र फाइनलमा भारतलाई पराजित गरिन् भने स्वर्णिमले सेमिफाइनलमा श्रीलङ्का र फाइनलमा भारतलाई पराजित गरेका थिए । सन्जुले फाइनलमा भुटानलाई पराजित गरिन् भने रेहानले भारतलाई पराजित गरी नेपाललाई स्वर्ण पदक दिलाए । त्यसैगरी जुनियर पुरुष कातातर्फ भने नेपालका अमृत थोकर भारतसँग पराजित हुन पुगे र जुनियरतर्फ महिला एकल कातामा फाइनलमा श्रीलङ्कासँग पराजित भई नेपालकी रेनिशा रिमालले रजत पदकमा चित्त बुझाइन् । त्यसैगरी सिनियर महिला र पुरुष टिम काता, जुनियर महिला तथा पुरुष टिम कातामा स्वर्ण पदक हात पारेको नेपाल कराते महासङ्घका मिडिया संयोजक गजेन्द्रबहादुर खपाङ्गीले जानकारी गराउनुभयो । यसअघि प्रतियोगिताको औपचारिक उद्घाटन भुटानका राजकुमार टासु जिगेलले एक विशेष समारोहका बीच गर्नुभएको थियो । भुटानसहित नेपाल, भारत र श्रीलङ्का सहभागी रहेको उक्त प्रतियोगिताको उद्घाटन समारोहमा नेपालका तर्फबाट नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ, नेपाल कराते महासङ्घका अध्यक्ष युवराज लामा, महासचिव दावा गुरुङ, उपाध्यक्ष मजिन्द्र सिंह, महासङ्घका सदस्यहरु, वरिष्ठ प्रशिक्षकहरु, टिम प्रशिक्षकहरु, पदाधिकारीलगायत करिब एक दर्जन अफिसियलको सहभागी रहेको प्रवक्ता गजेन्द्रबहादुर खपाङ्गीले जानकारी दिनुभयो ।

# डेङ्गीको आशङ्का लागेमा ११८० मा फोन गर्न कामपाको आग्रह

**रासस**
काठमाडौं, ३ साउन

काठमाडौं महानगरपालिकाले डेङ्गी लागेको आशङ्का लागेमा तत्काल ११८० मा सम्पर्क गरी परामर्श लिन नागरिकलाई आग्रह गरेको छ । अहिले नियमित पानी परिरहेकाले डेङ्गी सङ्क्रमण बढ्न सक्ने भन्दै कामपाले उक्त रोग लागेको शङ्का लागे तत्काल ११८० मा फोन गरी परामर्श लिन नागरिकलाई आग्रह गरेको हो ।

परामर्श सेवाका लागि कामपाले निःशुल्क 'हटलाइन टेलिफोन ११८०' चौबिसै घण्टा सञ्चालनमा ल्याएको कामपाको डेङ्गीसम्बन्धी स्रोतव्यक्ति (फोकलपर्सन) ऋषि भुसालले जानकारी दिनुभयो । उहाँले अकस्मात अस्पताल जानुपरे १०२ नम्बरमा सम्पर्क गरेर निःशुल्क एम्बुलेन्स सेवा प्रयोग गर्न पनि नागरिकलाई आग्रह गर्नुभयो ।

कामपाले उक्त सङ्क्रमण फैलन नदिन हरेक बुधबार र बिहीबार ६४ स्वास्थ्यकर्मी र पाँच सय ५८ जना महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरी सचेतना अभियान अघि बढाइएको फोकलपर्सन भुसालले जानकारी दिनुभयो । "डेङ्गी सार्ने र महामारी फैलाउने सबै प्रजातिका लामखुट्टे पानी जमेको ठाउँमा बस्छन् । उनीहरूको प्रजनन प्रक्रिया त्यहीँ पूरा हुन्छ । यसकारण पानी जम्न दिनु हुँदैन । यो काम व्यक्ति र समुदाय आफैँले गर्न सक्ने भएकाले यससम्बन्धी समुदायलाई जानकारी दिनु अभियानको मुख्य काम हो", उहाँले भन्नुभयो । रोगको लक्षण देखिएका बिरामीको परीक्षण, औषधोपचारका लागि वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सम्पर्क गर्न पनि भुसालले आग्रह गर्नुभयो ।

# उत्पादनमा आधारित अनुदानले दूध उत्पादन बढ्यो

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ साउन

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले दूध उत्पादक किसानलाई रु १६ लाख ५७ हजार अनुदान वितरण गरेको छ । व्यावसायिक रूपमा पशुपालन गरिरहेका किसानलाई प्रोत्साहन गर्न केन्द्रले गत आर्थिक वर्षमा अनुदानस्वरुप उक्त रकम प्रदान गरेको हो ।

केन्द्रले जिल्लाका छवटा सहकारीमार्फत दूध बिक्री गर्ने किसानलाई उत्पादनका आधारमा अनुदान दिएको केन्द्र प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । कार्यालयले प्रतिलिटर दुई रुपैयाँ ५० पैसाका दरले अनुदान उपलब्ध गराएको हो । "स्थानीय तहमा उत्पादनमा आधारित अनुदान कार्यक्रम भए पनि विज्ञ केन्द्रसँग किसान जोडिनुभएको छ", सापकोटाले भन्नुभयो, "संस्थागत बिक्रीका आधारमा मात्र अनुदान दिने मापदण्ड भएकाले संस्थागत बिक्री नगर्ने किसान अझै छुट्नुभएको छ ।" कार्यालय तथा सरोकारवालाले पशुपालनमा अनुदानको व्यवस्था गरेपछि पछिल्लो केही वर्षयता बागलुङ दूध र मासु आत्मनिर्भर बनेको छ भने अण्डामा आत्मनिर्भर उन्मुख छ । प्रतिव्यक्ति प्रतिवर्ष न्यूनतम ९१ लिटर दूध आवश्यक पर्नेमा बागलुङमा ९३ लिटर उपलब्ध छ ।

"दूध र मासु निर्यात हुन्छ, यो सङ्गठित किसानको तथ्याङ्क हो, किसान आफैँले बजार पुर्याएर बिक्री गरेको अझै धेरै परिमाणमा निर्यात हुन्छ", विज्ञ केन्द्रका वरिष्ठ पशु प्राविधिक केशव शर्माले भन्नुभयो, "हामी पशुजन्य उत्पादनमा आत्मनिर्भर हुने चरणमा छौँ ।"

विज्ञ केन्द्रले अघिल्लो आवमा बाँझो जग्गामा घाँसखेती गर्नेलाई अनुदान उपलब्ध गराएको थियो । घाँसखेती प्रवर्द्धन कार्यक्रममार्फत घाँसखेती गर्ने किसानलाई प्रतिरोपनी रु तीन हजारका दरले अनुदान उपलब्ध गराइएको हो ।

# आलु प्रवर्द्धन कार्यक्रमले दुई हजार सात सय क्षेत्र विस्तार

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ साउन

आर्थिक वर्ष २०८०/८१ मा कृषि ज्ञान केन्द्रले 'खायन आलु उत्पादन प्रवर्द्धन कार्यक्रम'अन्तर्गत दुई हजार सात सय ६३ रोपनी जग्गामा आलुखेती विस्तार गरेको छ ।

केन्द्रले ६७ वटा कृषि समूह तथा सहकारीमार्फत धेरै किसान लाभान्वित हुनेगरी आलुखेती विस्तार तथा प्रवर्द्धन गरेको छ । ज्ञान केन्द्रको सबैभन्दा ठूलो कार्यक्रमअन्तर्गत रु तीन करोड ६० लाख बजेटबाट आलुखेती विस्तार थालेको थियो । आलुको उत्पादनदेखि बजारीकरणसम्मका लागि अनुदान दिइएको केन्द्रले जनाएको छ । आलुको उत्पादन बढाउन यान्त्रिकीकरण, बीउ, मलदेखि उत्पादनका आधारमा अनुदान दिनेगरी यस वर्ष केन्द्रको बजेट आलु प्रवर्द्धन कार्यक्रममा केन्द्रित गरेर दुई हजार सात सय ६३ रोपनीमा आलु उत्पादन गरी बजारीकरण गरिएको कृषि ज्ञान केन्द्रका बाली विकास अधिकृत कुमार पुनले जानकारी दिनुभयो ।

कृषकलाई उन्नत जातको आलुको बीउ र खेती गर्ने प्रविधि हस्तान्तरण सिकाइएको छ । सहकारीमार्फत कृषि उपजको उत्पादन गर्दै आएकामा आलु प्रवर्द्धन कार्यक्रमले सहकारीलाई राहत मिलेको जैमिनी नगरपालिका-४ सर्कुवास्थित साना किसान कृषि सहकारीका अध्यक्ष प्रभाकर पौडेलले बताउनुभयो ।

अदुवा र बेसारखेतीलाईप्रोत्साहनगर्दैआएको सहकारीले चालु आवमा खायन आलु प्रवर्द्धन कार्यक्रमअन्तर्गत ३५ रोपनी जग्गामा आलुखेती गरेको बताउनुभयो । उहाँले चार मेट्रिक टन आलु उत्पादन गरेर सहकारीमार्फत बेचिएको जानकारीदिनुभयो।बागलुङआलु उत्पादनका लागि उर्वर जिल्ला मानिन्छ । विशेषगरी ढोरपाटन, तमानखोला गाउँपालिका, गलकोट नगरपालिका निसीखोला गाउँपालिका र ताराखोला गाउँपालिकामा अधिक आलु उत्पादन हुने गरेको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ ।

# सिमलताल दुर्घटना : भौतिक पूर्वाधार मन्त्रालयद्वारा गठित समितिद्वारा स्थलगत अध्ययन

**रासस**
चितवन, ३ साउन

नारायणगढ-मुग्लिन सडकखण्डको सिमलतालमा दुईवटा बस पहिराले बगाएपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गठन गरेको अध्ययन समितिले स्थलगत अध्ययन गरेको छ ।

मन्त्रालयले सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौंका प्रमुख ज्ञानेन्द्रकुमार झाको संयोजकत्वमा अध्ययन समितिगठनगरेकोथियो।मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले असार ३० गते झाको संयोजकत्वमा सडक विभागको ट्राफिक सुरक्षा शाखा प्रमुख सिनियर डिभिजनल इन्जिनियर प्रकाशचन्द्र भण्डारी र डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख रमेशप्रसाद पौडेल सदस्य रहेको अध्ययन समिति बनाउनुभएको थियो । समितिलाई सात दिनभित्र प्रतिवेदन दिन भनिएको छ । सडकको अवस्था, सडक सुरक्षाको अवस्था, भौगर्भिक स्थिति, पहिरो जानुको सम्भावित कारण लगाएका विषयमा अध्ययन गरेर प्रतिवेदन पेस गर्न भनिएको हो । झाले स्थलगत अध्ययन सकिएको र तोकिएको समयभित्र प्रतिवेदन दिनका लागि तयारी गरिएको बताउनुभयो । सडकखण्डको प्राविधिक अध्ययन गरिएको छ । समितिका सदस्य पौडेलका अनुसार स्थलगत अध्ययनका क्रममा पहिरो खसेको माथिल्लो भूभागमा पुगेर सुक्ष्म अध्ययन गरिएको छ । सडकबाट नौ सय मिटरमाथि डाँडाबाट पहिरो झरेको हो । डाँडामा डुम्रे नामको ठाउँबाट सिन्धुली गढी भन्ने ठाउँसम्म खोलिएको सात सय मिटर लामो कच्ची सडकबाट पानी जम्मा भएर खोतल्दै पहिरोको रुपमा तल झरेको अध्ययनबाट देखिएको छ । पौडेलले समग्र अजस्थाका बारेमा अध्ययन गरिएको र प्रतिवेदन बन्दै गरेको बताउनुभयो ।

डिभिजन सडक कार्यालयले वर्षात अघि गरेको अध्ययनमा सो सडकका २५ ठाउँलाई जोखिमपूर्ण मानेको थियो । जसमा पहिरो खसेको सिमलताल पर्दैन । पहिरो खसेसँगै सिमलताल र कालिखोलालाई थप गरी २७ ठाउँ जोखिमपूर्ण भनिएको छ । जसमध्ये नाम्सी, तुइनखोला र कालिखोला उच्च जोखिममा रहेका छन् । ती तीन ठाउँको एक सय ७० मिटर लामो भागलाई पहिरो रोकथामका लागि रु ५२ करोड खर्च हुने अनुमान सडक विभागमा डिभिजन सडक कार्यालयले पत्राचार गरेको थियो ।

गत असार २८ गते वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौर जान आउँदै गरेको बागमती प्रदेश ०३२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस सिमलतालमा खसेको पहिरोसँगै बगेर त्रिशूली नदीमा बेपत्ता भएको थियो । उक्त बसमा सवार ६५ जनामध्ये तीन सकुशल निस्किएका थिए भने ६२ जना बेपत्ता भएका थिए । जसमध्ये २० जनाको शव फेला परेको छ । घटनापछि सोको अध्ययनका लागि गृह मन्त्रालयले गठन गरेको कार्यदलले स्थलगत अध्ययन गरिसकेको छ ।

# अवैध रकम खातामा जम्मा भए जानकारी दिन सिआइबीको आग्रह

**रासस**
काठमाडौं, ३ साउन

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले अवैध 'च्यानल' को प्रयोग भई खातामा रकम जम्मा भएको पाइएकाले त्यसरी रकम आएको भए जानकारी दिन सर्वसाधारणमा आग्रह गरेको छ ।

अनुसन्धानका क्रममा विदेशी मुलुक जस्तै संयुक्त अरब इमिरेट्स, कतार, कुवेत, अष्ट्रेलिया, अमेरिका, जापान, दक्षिण कोरिया, बेलायतलगायतका विभिन्न देशमा रहेका नेपाली नागरिकले विदेशमा आर्जनगरी पठाएको विप्रेषणबापतको रकम अवैध प्रक्रियाबाट आइरहेको र उक्त रकम एजेन्टले विदेशमा रहेका नेपालीको नेपालस्थित आफन्तको बैंक खातामा जम्मा गर्ने गरेको पाइएको भन्दै त्यस्तो भएको पाइए खबर गर्न अनुरोध गरिएको सिआइबीले जनाएको छ ।

विदेशमा रहेका नेपाली नागरिकबाट प्राप्त भएको विदेशी मुद्रा अवैध हुनको भुक्तानी, अनलाइन ठगी, सट्टेबाजी, मानव तस्करी, भ्रष्टाचार, गैरकानुनी सम्पत्तिको आर्जन, आतङ्कारी क्रियाकलापमा लगानी र अभौतिक मुद्रामा लगानी गर्ने साथै सोको हिसाबकिताब मिलान कार्यमा प्रयोग हुने गरेको पाइएको भन्दै यस्ता गैरकानुनी कार्यको हिस्सेदार नबन्न पनि अनुरोध गरिएको सिआइबीका प्रवक्ता प्रहरी उपरीक्षक होविन्द्र बोगटीले बताउनुभयो ।


# विमालेख हरायो

यहि मिति २०८१/०२/१५ गते हेमजाबाट महेन्द्रपुल जाने क्रममा लाइफ इन्स्योरेन्स कम्पनी नेपालको निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

विमितको नाम: गंगा रानाभाट
विमालेख नं. १२०११५४८८
ठेगाना : माछापुच्छ्रे-४, कास्की
सम्पर्क नं. ९८१४१०९०२१

# विद्यालयमा स्वास्थ्य शिक्षा पढाउँदै पर्वतका स्वास्थ्यकर्मी

**पोखरापत्र संवाददाता**
पर्वत, ३ साउन

जिल्लामा कार्यरत हरेक स्वास्थ्यकर्मीले महिनाको एक दिन स्वास्थ्य शिक्षासम्बन्धी अध्यापन गराउन थालेका छन् । रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उचित भएकाले स्वास्थ्य समस्या र उपचार पद्धतिबारे जानकारी दिन विद्यालयमा पुगेर अध्यापन थालेका हुन् ।

विद्यार्थीमार्फत समाजमा सर्ने तथा नसर्ने रोगसम्बन्धी सचेतना फैलाउनका लागि अनिवार्य रूपमा महिनाको एक दिन अध्यापन गराउनुपर्ने नीति लिएसँगै स्वास्थ्यकर्मी विद्यालय पुग्न थालेका जिल्लास्थित स्वास्थ्य कार्यालयका प्रमुख प्रवीण शर्माले जानकारी दिनुभयो । ‘एक विद्यालय एक नर्स’ कार्यक्रम घोषणा भए पनि कार्यान्वयन हुन नसकिरहेको अवस्थामा स्वास्थ्य कार्यालयले मातहतका सबै स्वास्थ्यकर्मीलाई पायकपर्ने विद्यालयमा पुगेर महिनाको एक दिन अनिवार्य स्वास्थ्यबारे अध्यापन गराउन निर्देशन दिएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को सुरुदेखि नै स्वास्थ्यकर्मीले कम्तीमा पनि एक दिन विद्यालयमा पुगेर कुनै एक स्वास्थ्यसम्बन्धी विषयवस्तुमा अध्यापन गर्नुपर्ने नियम जारी गरिएको शर्माले बताउनुभयो । नागरिकको स्वास्थ्यलाई विद्यालय तहदेखि नै स्वस्थ राख्न र स्वास्थ्य शिक्षाप्रति बालबालिकाको ध्यानाकर्षण गराउन स्वास्थ्यकर्मीबाट कक्षा लिने प्रबन्ध गरिएको उहाँले बताउनुभयो ।

शिक्षकहरूले नियमित रूपमा दिँदै आएको ज्ञानलाई स्वास्थ्यकर्मीबाट प्रदान गरिँदा विद्यार्थीमा उक्त विषयमाथि थप विश्वसनियता बढ्ने र यसले समाजमा सकारात्मक सन्देश प्रवाह हुने भएकाले यो अभियान् सुरु गरिएको कार्यालय प्रमुख शर्माले बताउनुभयो । स्वास्थ्यकर्मीले सामुदायिक वा निजी विद्यालयको प्राथमिक तह (१-३) देखि माध्यमिक तह (९-१२) वा इच्छा भएमा स्थानीय तहमा रहेका क्याम्पसमा आफ्नो क्षमता प्रदर्शन गर्न सक्नेछन् ।

‘हरेक महिना बाँड्छौं हामी निःशुल्क ज्ञानः एक स्वास्थ्यकर्मी एक स्वास्थ्य शिक्षा हाम्रो अभियान’ नाराका साथ साउनको पहिलो सातादेखि अभियान सुरु गरिएको छ ।

कार्यालयले कुन महिनामा विद्यार्थीलाई केकस्ता विषय वस्तुमा ज्ञान दिने भनेर तालिका तयार पारिएको जनाएको छ । तालिका अनुसार वैशाखमा औलो र खोप, जेठमा पोषण, महिनावारी, स्वच्छता र धूमपान तथा सुर्तीजन्य पदार्थ सेवनको असर, असारमा डेङ्गु तथा लागुऔषध र यसको रोकथामको बारेमा सिकाइन्छ ।

साउनमा पूर्ण स्तनपान, तौल अनुगमन, विपद् र विपद् व्यवस्थापन, भदौमा आत्महत्या रोकथाम र किशोरकिशोरीको स्वास्थ्य, असोजमा रेबिज र मानसिक स्वास्थ्य, कात्तिकमा नसर्ने रोग र विषादीरहित खाद्य प्रवर्द्धनका लागि स्वास्थ्यकर्मीले कक्षा लिने भएका छन् । मङ्सिरमा एचआईभी/एड्स र लैङ्गिक हिंसा, पुसमा सडक दुर्घटना र सुरक्षा तथा सुरक्षित मातृत्व, माघमा आयोडिनको काम र प्रयोग, कुष्ठरोग तथा क्यान्सर, फागुनमा औषधिको समुचित प्रयोग, फोहर व्यवस्थापन तथा हात धुने विधि र चैतमा क्षयरोग, मुख स्वास्थ्य, खानेपानी लगायतका विषयमा स्वास्थ्यकर्मीले पढाउने छन् । कार्यालय प्रमुख शर्माका अनुसार जिल्लाका हरेक स्वास्थ्यचौकीमा चार/पाँचजना स्वास्थ्यकर्मी छन् । गाउँका स्वास्थ्य संस्थामा बिरामीको चाप कम भएको बेलामा ती स्वास्थ्यकर्मीले आफ्नो पायकपर्ने विद्यालयमा पुगेर कक्षा लिँदा स्वास्थ्य क्षेत्रको मर्ममा प्रभावकारिता आउने अपेक्षा लिइएको उहाँले बताउनुभयो ।

जिल्लाका विभिन्न स्थानमा रहेका स्वास्थ्यकर्मी सबैसँग प्रविधिको ज्ञान नहुन सक्ने भएकाले कक्षा सञ्चालन गर्न आवश्यकपर्ने अध्यापन सामग्री कार्यालयले उपलब्ध गराएको छ । एउटा स्थानीय तहमा रहेका सबै स्वास्थ्यकर्मीले कम्तीमा एउटा कक्षा लिँदा मात्रै पनि यो अभियान सफल हुने स्वास्थ्य कार्यालयको विश्वास छ । जिल्लाका सातवटै स्थानीय तहमा तीन सयभन्दा बढी स्वास्थ्यकर्मी कार्यरत छन् ।

# खोपारा जोड्ने पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ साउन

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ स्थित पर्यटकीयस्थल खोपारा जोड्ने पदमार्ग निर्माण भएको छ । अन्नपूर्ण गाउँपालिका, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र पर्यटन तथा उद्योग कार्यालय म्याग्दीले दुई किलोमिटरभन्दा बढी पदमार्ग, दुईवटा आश्रयस्थल, खानेपानी, दृश्यावलोकन स्थललगायत पूर्वाधार निर्माण गरेका हुन् ।

प्रदेश सरकारको रु १३ लाख, गाउँपालिका र युएनडिपीको रु १२/१२ लाख बजेटमा पदमार्ग, आश्रयस्थल, दृश्य अवलोकनस्थल र खानेपानीको पूर्वाधार निर्माण गरेको उपभोक्ता समितिका अध्यक्ष हरिप्रसाद तिलिजाले जानकारी दिनुभयो । पूर्वाधारबाट खोपारा भ्रमणमा आउने पर्यटक, खयर ताल जाने भक्तजन, तीर्थयात्रीहरूलाई सुविधा पुगेको छ । उद्योग तथा पर्यटन कार्यालयमार्फत विनियोजन भएको बजेटबाट खोपारादेखि खयरतर्फ जाने पदमार्गमा एक किलोमिटर दुई सय मिटर माटो काटेर र दुई सय ४५ मिटर ढुङ्गा छापेको पदमार्ग निर्माण भएको कार्यालयका इन्जिनियर सुमन बोगटीले बताउनुभयो । खानेपानी भण्डारण गर्न पाँचवटा ट्याङ्की राखिएको छ । पैदलयात्रीलाई विश्राम गर्नका लागि १६ वटा फलामको बेञ्च राखिएको छ । लाकुशेको मुहानमा ट्याङ्की बनाएर पदमार्ग र खोपाराको सामुदायिक लजमा खानेपानीको व्यवस्थापन गरिएको हो । युएनडिपी र अन्नपूर्ण गाउँपालिकाको साझेदारीको कार्यक्रममार्फत चमकी ओडार क्षेत्रको साँघुरो पैदलमार्गको डिलतर्फ ५३ मिटर फलामको रेलिङ राखिएको छ । दुई सय ३६ मिटर ढुङ्गाको सिँढी, सात सय ९८ मिटर माटो काटेको पदमार्ग र दुई ठाउँमा आश्रयस्थल बनाइएको अन्नपूर्ण गाउँपालिका-५ का प्राविधिक रोहित बस्ताकोटीले बताउनुभयो । राते र सुनौलोमा एक/एकवटा ट्रसले छाएको १० देखि १५ जना बास बस्न सक्ने आश्रयस्थल निर्माण भएको छ ।

खोपाराको सामुदायिक लजको नयाँ भवनको डिलतर्फ पर्खाल बनाएर संरक्षण गरिएको छ । समुन्द्री सतहदेखि तीन हजार ६ सय ६० मिटरको उचाइमा अवस्थित खोपारालाई केन्द्र बनाएर अन्नपूर्ण-धौलागिरि सामुदायिक पदमार्ग सञ्चालन भएको छ । सडक विस्तारसँगै अन्नपूर्ण चक्रीय पदमार्गमा छोटिएको पर्यटकको बसाइँ र यात्राअवधि लम्ब्याउन खोपारालाई वैकल्पिक गन्तब्य बनाउने उद्देश्यअनुसार पूर्वाधार विस्तार गरिएको अन्नपूर्ण-५ का वडाअध्यक्ष राजेश तिलिजा पुनले बताउनुभयो । खोपारा अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्यापभित्र) पर्छ । घोडेपानी, शिख, पाउद्वार र नारच्याङबाट खोपारा जोड्ने पदमार्ग रहेका छन् । खोपारामा रहेको ६० जना क्षमताको लज समुदायले सञ्चालन गरेका हुन् ।

सामुदायिक विद्यालयका निजी स्रोतका शिक्षकको तलबभत्ता जुटाउन खोपारामा सुरु गरिएको सामुदायिक लजलाई पछिल्लो समय पर्यटन सहकारी संस्थामार्फत सञ्चालन गरिएको छ । खोपाराको विकासमा अगुवाइ गरिरहेका राजु पुनका अनुसार पूर्वाधार नहुँदा र पर्यटक नआउँदा खोपारा स्थानीयवासीको भैंसी गोठमा सीमित थियो । गुराँसको जङ्गलको बीचमा पहाडको टाकुरामा भिरालो भूगोलमा अवस्थित खोपारा जैविक विविधतायुक्त ठाउँ हो । अन्नपूर्ण, धौलागिरि, नीलगिरि, गुर्जा हिमाल, सूर्योदय, सूर्यास्त, पहाडी भूगोल, वनजङ्गल, वन्यजन्तु, पशुगोठ, ताल, झरनाको दृश्य अवलोकन गर्न सकिन्छ । खोपाराको प्राकृतिक सौन्दर्यले यात्राको थकान र दुःख बिर्साउने पर्यटकरुको अनुभव छ ।

पाउद्वारवासीले खोपारा र खयरभारानी थान जोड्ने पदमार्गमा रु एक करोड ६० लाखभन्दा बढी चन्दा जुटाएर पूर्वाधार निर्माण गरेका छन् । जङ्गल, भिर र अप्ठ्यारो पहाडको बाटोमा आफ्ना दिवङ्गत भएका आफन्तको सम्झनामा १० किलोमिटरभन्दा बढी पदमार्ग, एक सयवटा चौतारी, तीनवटा धर्मशाला र १० ठाउँमा पानीका धारा बनाएका छन् ।

# म्याग्दीमा शतप्रतिशत योजना कार्यान्वयन

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३ साउन

जिल्लास्थित सामाजिक विकास कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा शतप्रतिशत योजना र कार्यक्रम कार्यान्वयन गरेको छ । गण्डकी प्रदेश सरकारले कार्यालयलाई बजेट विनियोजन गरी पठाएको सबै योजना र कार्यक्रम कार्यान्वयन भएको हो ।

कार्यालयका प्रमुख रमेश थापाले चालुतर्फका २९ कार्यक्रम र पुँजीगततर्फका २६ वटा योजना रहेकामा सबै सम्पन्न भएका जानकारी दिनुभयो । “पुँजीगततर्फ विनियोजन भएको रु एक करोड ५१ लाखमध्ये ९९.८ प्रतिशत खर्च भएको छ”, उहाँले भन्नुभयो, “चालु शीर्षकमा रु दुई करोड ८२ लाख ७४ हजार विनियोजन भएकोमा ७६.८३ प्रतिशत खर्च भएको छ ।”

अन्नपूर्ण गाउँपालिका-५ को शिख र धवलागिरि गाउँपालिका-७ को हेम नमूना आवासीय माविमा सञ्चालित आवासीय विद्यालयको छात्रावास भवन निर्माणसम्बन्धी कामको प्राविधिक मूल्याङ्कन अनुसार केही भुक्तानी घटाइएकाले चालु शीर्षकको वित्तीय प्रगति कम देखिएको थापाले बताउनुभयो ।

दुर्गम क्षेत्रका विद्यार्थीको शिक्षामा पहुँच बढाउन आवासीय विद्यालय सञ्चालनका लागि कार्यालयले शिख र हेन नमूना आवासीय माविलाई रु आठ/आठ लाख अनुदान दिएको हो । जिल्लामा १५ वटा खेलमैदान निर्माण भएका छन् ।

बेनी नगरपालिकाको पालिन्धारा, बगरफाँट, पाल्लेखेत, अन्नपूर्ण गाउँपालिकाको दोसल्ले, रघुगङ्गाको खहरेखोला, पाखापानी औँला, मौवाफाँट, मङ्गला गाउँपालिकाको सिर्कुम, बङ्जा, मालिकाको बिम डाडाँगाउँ, दुखुबैंसी, धवलागिरि गाउँपालिकाको ताकममा कवर्डहल, मुदीको वुद्धिविकास मावि र मराङको डाँफे युवा क्लबको खेलमैदान निर्माण भएका कार्यालयका प्रमुख थापाले जानकारी दिनुभयो । अन्नपूर्णको दानामा जनकल्याण बालशिक्षा, काफलडाँडा आधार भूत विद्यालयको घेराबार, मङ्गलाको त्रिभुवन मङ्गला माविमा घेराबार, रघुगङ्गा-३ गायत्री मन्दिरमा घेराबार, बेनी-६ को गुफामा राममन्दिर, रघुगङ्गाको झिँमा तपोवन शिवालय सन्यास आश्रम र बेनीको जगन्नाथ मन्दिर मर्मत गरिएको छ । बेनी-८ मा नवीन आनन्द योग केन्द्रको भवन, बेनी-६ मा अपाङ्गता सङ्घको भवन घेराबार र मालिका-६ मा ईशाइ भवन मर्मत तथा शौचालय निर्माण भएको कार्यालय प्रमुख थापाले जानकारी दिनुभयो । किशोरीको आत्मरक्षा, बालमत्री स्थानीय शासन प्रवर्द्धन, अपाङ्गता भएका नागरिकलाई सहायता सामग्री वितरण, महिलाका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन, ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्नेलगायत कार्यक्रम गरिएका छन् । आर्थिक वर्षको पहिलो चौमासिकदेखि कार्ययोजना बनाएर कर्मचारीलाई परिचालन गरी स्थानीय तहका जनप्रतिनिधि, सङ्घ संस्था र सरोकार भएकासँग समन्वय गरेर तोकिएको समयमा योजना र कार्यक्रम कार्यान्वयन गर्न सफल भएको कार्यालय प्रमुख थापाले बताउनुभयो ।

# म्याद सकियो, काम सकिएन

**पोखरापत्र संवाददाता**
मनाङ, ३ साउन

स्थानीयलाई सहज रूपमा स्वास्थ्य उपचारको पहुँचमा पुऱ्याउने उद्देश्यले निर्माण भइरहेको अस्पताल भवन पूरा हुन सकेको छैन । स्वास्थ्य चौकीभन्दा पनि कम जनशक्ति र साँघुरो भौतिक संरचनामा सेवा प्रवाह हुँदै आएको अस्पताललाई १५ शय्यामा स्तरोन्नतिको काम पूरा हुन नसकेको हो ।

जीर्ण भौतिक पूर्वाधार भएको भवनबाट जिल्लावासीलाई प्रभावकारी सेवा पुऱ्याउन सकिएको छैन । यस अस्पताललाई १५ शय्यामा स्तरोन्नति गरेर जनतालाई सहज रूपमा स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्यका साथ प्रदेश सरकारले चार वर्ष अघिदेखि अस्पताल निर्माणको काम भइरहेको छ । तेस्रोपटक थप गरिएको म्याद पनि सकियो तर काम सकिएको छैन । तीनपटक म्याद थप गरिसकिएको छ । अन्तिम पटकको म्याद पनि सकिसकेको अवस्था भए पनि निर्माणको काम भने सकिएको छैन । उक्त अस्पताल भवनको संरचना निर्माण पूरा गर्न चौथो पटक म्याद थप गर्नुपर्ने अवस्था आएको छ । ठेकेदारले बेलैमा निर्माण सम्पन्न नगर्दा सामान्य रोगका लागि पनि दुर्गम क्षेत्रबाट बिरामीले सास्ती खेप्नुपरेको छ । विसं २०८१ असार मसान्तसम्म अस्पतालको भवन निर्माण सम्पन्न गर्ने गरी म्याद थप गरिएको थियो । थप भएको समयमा पनि अस्पतालको भवन निर्माण सम्पन्न भएन । अहिले अस्पताल भवनको निर्माणको काम ठप्प भएको छ । विसं २०४६ फागुन १९ गते निर्माण सम्पन्न भई सेवा प्रदान गर्दै आएको जिल्ला अस्पताल जीर्ण अवस्थामा पुगेको छ । दुर्गमका जनतालाई प्राथमिक उपचार दिने उद्देश्यले सञ्चालित अस्पतालको भवन जीर्ण भएपछि नयाँ भवन निर्माणका लागि रु १४ करोड लागतमा ओम बुद्ध/बुद्ध जेभीले विसं २०७६ मा ठेक्का सम्झौता गरेको थियो ।

सम्झौताअनुसार कम्पनीले काम गर्न नसकेपछि जिल्लावासीको सहज स्वास्थ्य सेवा पाउने आशा निराशामा परिणत भइरहेको छ । कामले गति लिन नपाएपछि सेवाग्राहीको अपेक्षा पूरा हुने अवस्था अझै पनि छैन । समयमा अस्पतालको भवन निर्माण नहुँदा स्वास्थ्यको पहुँचमा पुग्न सकस भएको अवस्था छ । सामान्य उपचारका लागि पनि हेलिकप्टरको सहारा लिन जिल्लावासी बाध्य भएका छन् । हेलिकप्टर नभए जिल्ला बाहिरका अस्पताल जानुपर्ने बाध्यताबाट मनाङ्गी जनताले मुक्ति पाएका छैनन् । ओम बुद्ध/बुद्ध जेवी कम्पनीका ठेकेदार अनिल घिमिरेले आर्थिक रूपमा ८० र भौतिक रूपमा ९८ प्रतिशत काम सम्पन्न गरेको दाबी गर्नुभयो । ठेकेदार घिमिरेले रङ्गरोगन तथा टाइल बिछ्याउने कार्य भइरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “बर्खासँगै सडकको अवस्था र सामग्री ढुवानीमा समस्या भएकाले निर्माणमा ढिलाइ भएको हो ।” सडक सहज हुनासाथ कामले तीव्रता पाउने उहाँको भनाइ छ । विसं २०७५ देखि गण्डकी प्रदेशअन्तर्गत रही सञ्चालन हुँदै आएको अस्पतालबारे समस्या प्रदेश सरकारसमक्ष जानकारी गराएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो । अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा भारती मेहता मुख्य ठेकेदार र स्थानीय ठेकेदारको बीचमा आन्तरिक कुरा नमिल्दा अस्पताल भवन निर्माणले तीव्रता पाउन नसकेकोबताउनुभयो।अस्पतालका तर्फबाट पनि आफूहरूले धेरै नै पहल गरेको उहाँको भनाइ छ । डा भारतीले पनि असार मसान्तभित्र अस्पताल निर्माण सम्पन्न भइसक्नेमा आशावादी रहेकामा पूरा हुन नसकेको बताउनुभयो । सरकारले जिल्ला अस्पतालका लागि १८ जनाको स्थायी दरबन्दी तोकेको छ । हाल सो अस्पतालमा पाँचजना मात्र कार्यरत छन् । सरकारले हालसम्म सो दरबन्दी पूरा गर्न सकेको छैन । करारमा राखिएका कर्मचारी पनि असार मसान्त सकिएसँगै कतिपय कर्मचारीको कार्यावधि सकिएको छ । यसले जिल्ला अस्पतालको काम गर्न सकस भएको उहाँको भनाइ छ ।

भएका दरबन्दीमा पनि दक्ष जनशक्ति छैनन् । अस्पतालमा दुई चरण गरेर काम गराउने वातावरण पनि छैन । दुर्गममा कर्मचारी आउनै मान्दैनन् । थोरै जनशक्तिबाट धेरै काम गर्नुपरेको डा भारतीको गुनासो छ। सरकारले दिने ९८ प्रकारका निःशुल्क औषधिबाट जिल्ला अस्पताल चलाउनुपरेको उहाँको गुनासो छ । उहाँले प्रदेश सरकारसँग सशुल्क फार्मेसीका लागि माग गरेको बताउनुभयो ।

साहसिक पदयात्राको प्रवेशद्वार चामेमा अवस्थित अस्पतालले विदेशी तथा स्वदेशी पर्यटकलाई पनि स्वास्थ्य सेवा प्रदान गरिरहेको छ । प्रत्येक वर्ष लेक लागेर अकालमा हुने मृत्युदर घटाउनमा पनि अस्पतालले निकै ठूलो भूमिका खेलिरहेको छ ।

# बागलुङमा विकास खर्च बढ्यो

**पोखरापत्र संवाददाता**
बागलुङ, ३ साउन

जिल्लामा सङ्घीय तथा प्रदेश सरकारी कार्यालयको पुँजीगत खर्चमा वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० को तुलनामा गत आव २०८०/८१ मा बागलुङको सङ्घीय र प्रदेश अनुदान बजेटको पुँजीगत खर्च बढेको हो ।

आव २०७९/८० सङ्घीय कार्यालयअन्तर्गतको पुँजीगत खर्च ७१.९४ प्रतिशत रहेकामा गत आवमा पुँजीगत खच

' बढेर ७९.७६ प्रतिशत भएको जिल्लास्थित कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ । पुँजीगत बजेट आव २०७९/८० मा रु दुई अर्ब ३३ करोड ८३ लाख २६ हजार छ सय ५० विनियेजना भएकोमध्ये रु एक अर्ब ६८ करोड २० लाख ८० हजार एक सय ६४ खर्च भएको थियो । त्यस्तै गत आवमा विनियोजन भएको रु एक अर्ब ४३ करोड ६३ लाख ८९ हजार तीन सय ९५ मध्ये रु एक अर्ब १४ करोड ५६ लाख ७४ हजार दुई ७५ अर्थात ७९.७६ प्रतिशत खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख धर्मभक्त बस्यालले जानकारी दिनुभयो । अघिल्लो आवको तुलनामा गत आवमा बजेटको आकारमा कमी आएको भन्दै समग्र बजेटको तुलनामा खर्च बढेको बस्यालले जानकारी दिनुभयो । अघिल्लो वर्षको भुक्तानी तथा ठूला आयोजना गत आवमा सम्पन्न भएकाले पुँजीगत खर्च बढेको जनाउँदै पुँजीजगत खर्च बढ्नु भनेको विकास निर्माणले तीव्रता पाउनु भएको उहाँले बताउनुभयो । सङ्घीय कार्यालयको ३६, प्रदेश कार्यालयको एक र जिल्लाका १० स्थानीय सरकारलाई आएको सङ्घीय अनुदानसहित ४७ कार्यालयको बजेट विनियोजनका आधारमा चालु तथा पुँजीगत खर्च ९३.१३ प्रतिशत रहेको बस्यालले जानकारी दिनुभयो । अघिल्लो आवको तुलनामा गत आवको चालु खर्चमासमेत कमी आउनु सकरात्मक भएको उहाँले उल्लेख गर्नुभयो । कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख बस्यालले अनुसार चालु खर्च घटाउन सकेमा विकास खर्च बढ्ने बताउँदै अघिल्लो आवको तुलनामा गत आवमा रु २६ करोड ५३ लाख ३६ हजार दुई सय २३ रकम कम खर्च भएको जनाउनुभयो । गत आवमा सवार ीसाधन तथा तलब भत्तामा कम खर्च भएको आँकलन गरिएको छ । “विनियोजन बजेटलाई आधार मान्दा विकास बजेटको खर्च बढेको छ भने चालु खर्च घटेको छ, यो सकरात्मक पक्ष हो । चालु खर्च घट्दा विकास बढ्छ”, बस्यालले भन्नुभयो, “सङ्घीय सरकारको मात्रै होइन प्रदेश सरकारअन्तर्गत बागलुङका कार्यालयको पुँजीगत खर्च अघिल्लो आवको तुलनामा ८.६ प्रतिशतले बढेको छ । निर्माण व्यवसायीले काम गरेपनि भुक्तानी नपाएको गुनासो छ, बहुवर्षी आयोजनामा धेरै भुक्तानी दिन सकेको भए अझै पुँजीगत खर्च बढ्ने थियो ।”

प्रदेश सरकारअन्तर्गतका कार्यालयले अघिल्लो वर्षमा ७३.८० खर्च गरेकामा गत आवमा पुँजीगत खर्च बढेर ८२.४ प्रतिशत भएको कोष तथा लेखा नियन्त्रण कार्यालयका कोष नियन्त्रक कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेश सरकारबाट अघिल्लो आवमा बागलुङका २० कार्यालयलाई प्राप्त रु दुई अर्ब ४१ करोढ नौ लाख ८५ हजार नौ सय ६५ मध्ये रु एक अर्ब ७७ करोड ९३ लाख ५९ हजार दुई सय ५७ खर्च भएको थियो । गत आवमा प्रदेश मातहतका कार्यालयलाई प्राप्त रु एक अर्ब ९७ करोड ६६ लाख २५ हजारमध्ये रु एक अर्ब ६२ करोड ८८ लाख ८८ हजार ३०७ अर्थात् ८२.४० प्रतिश खर्च भएको कोष नियन्त्रक आचार्यले उल्लेख गर्नुभयो । उहाँका अनुसार उक्त खर्च गत आर्थिक वर्षको प्रतिशतमा ८.६ ले वृद्धि भएको छ । प्रदेश मातहतको चालु र पुँजीगत जोड्दा ७९.३ प्रतिशत वित्तीय प्रगति भएको आचार्यले जानकारी दिनुभयो । जिल्लामा धेरै बजेट खर्च गर्ने कार्यालयमा सडक डिभिजन, खानेपानी तथा सरसफाइ, जलस्रोत तथा सिँचाइ डिभिजन र पूर्वाधार विकास कार्यालय रहेका छन् ।